**मैवाखोला राजपत्र**

**मैवाखोला गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड (१) साँघु, चैत्र १६ गते २०७९ साल (संख्या ११)**

**भाग -२**

# मैवाखोला गाउँपालिकाको लैंगिक हिंसा निवारण कोष(संचालन) कार्यविधि - २०७९

**कार्यपालिकाबाट स्वीकृत मितिः२०७९।१२।१६**

**राजपत्रमा प्रकाशित मितिः२०७९।१२।२७**

प्रमाणीकरण मिति:२०७९।१२।२७

## मैवाखोला गाउँपालिकाको लैंगिक हिंसा निवारण कोष(सञ्चालन) कार्यविधि - २०७९

**प्रस्तावना:**

समाजमा बढ्दै गइरहेको लैंगिक हिंसा निवारणका लागि कोष स्थापना गर्न वान्छनीय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी मैवाखोला गाउँपालिका ताप्लेजुङले यो कोष सञ्चालन सम्बन्धि कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो कार्यविधिको नाम "लैंगिक हिंसा निवारण कोष(सञ्चालन) कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकावाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले मैवाखोला गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैंगिक हिंसा निवारण कोष सम्झनु पर्छ।

(ग) "पीडित" भन्नाले लैंगिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ।

(घ) "सञ्चालक समिति" भन्नाले नियम ८ बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ।

(ङ) "लैंगिक हिंसा" भन्नाले कार्यस्थल,सार्वजनिक स्थल घरपरिवारमा हुने यौनजन्य दुर्व्यवहार,सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैंगिक आधारमा हुने हिंसा सम्झनु पर्छ।

(च) "कार्यपालिका" भन्नाले मैवाखोला गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

**३. कोष स्थापना:**

(१) लैंगिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिने छ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:-

(क) मैवाखोला गाउँपालिकाबाट प्राप्त रकम,

(ख) विदेशी व्यक्ति,अन्तर्राष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै कानूनी प्रावधानले प्राप्त गर्न सकिने रकम।

(३) उपनियम(१)बमेजिमको रकम बैंकमा छुट्टै खाता खोली जम्मा गरिने छ।

**४. कोषमा रकम जम्मा गर्ने:**

महिला हकहितको संरक्षणका लागि गाउँपालिकाले वार्षिक रुपमा तोके बमोजिम निश्चित प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ।

**५. कोषको उपयोगः**

(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ।

(क) तत्काल उद्धार गर्न,

(ख) औषधी उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(घ) कानूनी सहायता,मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि विउपुँजी(सिडमनि) को रुपमा प्रदान गर्न,

(च) पुनर्स्थापना गराउन,

(छ) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा,

(२) उपनियम(१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिले लैंगिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैंगिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने:**

(१)कोषको रकम नियम(५)मा लेखिए बमोजिम बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन।

(२)उपनियम(१)मा जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ।

**७. कार्यालयलाई रकम उपलब्ध गराउने:**

पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि सञ्चालक समितिले कोषबाट कार्यालयको नाममा निकाशा दिनेछ।

**८. सञ्चालक समितिको गठनः**

(१)पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने कामसमेतको लागि कोषका एक सञ्चालक समिति रहनेछ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(घ) प्रहरी कार्यालयको प्रमुख - सदस्य

(ङ)गाउँपालिका सभा सदस्य(महिला २ जना) - सदस्य

(च) लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गाउँपालिकामा रहेका गैरसरकारी संस्थाहरुमध्येबाट सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि १जना - सदस्य

(छ)जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(ज) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य-सचिव

(३) उपनियम(२) को खण्ड(ङ) बमोजिमको सदस्यको पदावधि ३ वर्षको हुनेछ।

(४) सञ्चालक समितिको सचिवालय कार्यालयमा रहनेछ।

(५) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ।

**९. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार:** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने,

(ग) गाउँपालिकामा लैगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने ,

(घ) लैंगिक हिंसा हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

**१०. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने हद र आधार:**

(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइनेछ।

(क) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम,खाना खर्च वापत र बास बस्नुपर्ने भए सो वापत छुट्टै रकम दिने,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम खाना खर्च, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च र उपचार खर्च समेत उपलब्ध गराउने,

(ग) कानूनी सहायता,मनोवैज्ञानिक उपचार वा मनोविमर्सका लागि पाँच हजार रुपैयाँ नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि विउपुँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा बीसहजार रूपैयाँ,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) सञ्चालक समितिले तोकेबमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ,

(२) उपनियम (१)को रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा सञ्चालक समितिले त्यस्तो पीडितलाई रकम थप गरिदिन सक्नेछ।

**११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्नेः**

(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित वा न्यायिक समितिको सिफारिस मार्फत महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम(१)बमोजिम प्राप्त भएको निवेदन जाँच बुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा सञ्चालक समितिले नियम १० को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ।

**१२. तत्काल रकम उपलब्ध गराउन सक्नेः**

(१) यस कार्यविधिमा अन्य जुनसुकै कुरा लेखिएको भएता पनि पीडितलाई तत्काल उद्धार,औषधी उपचार,पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट रु.१०,०००।-(रू.दश हजार मात्र) नबढ्ने गरी मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ।

(२) उपनियम(१)बमोजिमको अवस्था परेर सञ्चालक समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराएकोमा त्यसरी रकम उपलब्ध गराएपछि बस्ने सञ्चालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ।

**१३. थप रकम निकासा माग गर्न सक्नेः**

(१)कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्तता को कारण खुलाई सञ्चालक समितिले गाउँपालिकालाई थप रकम माग गर्न सक्नेछ।

(२) उपनियम(१)बमोजिम थप रकम माग भइ आएमा गाउँपालिकाले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ।

**१४. छुट्टै खाता खोल्नुपर्ने:**

(१) गाउँपालिकाबाट प्राप्त भएको रकम कुनै वाणिज्य बैंकमा छुट्टै बैंक खाता खोली जम्मा गर्नुपर्नेछ।

(२)उपनियम(१)को खाताको सञ्चालन कार्यालय प्रमुख र लेखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

**१५. कोषको लेखा र लेखापरीक्षण:**

(१) कोषको आय व्यायको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

**१६. आवर्ति(रिभल्भीङ) कोष:**

(१) यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ।

(२) कार्यविधिको नियम १० को उपनियम (१) घ वमोजिमको विउपुँजी रकम लैङगिक हिंसा पिडितलाई २ किस्तामा उपलब्ध गराईने छ।

(३) विउपुँजी रकम सम्वन्धित व्यक्तिले १ वर्ष भित्र साँवा व्याज सहित कोषमा फिर्ता गर्नु पर्नेछ।

(४) विउपुँजी रकमको व्याज दर सञ्चालक समितिले तोके बमोजिम हुनेछ।

(५) कोषको विउपुँजी रकम तोकिएको समयमा नतिर्ने व्यक्तिलाई कानुन बमोजिम असुल उपर गरिने छ।

**१७. प्रतिवेदन पेश गर्ने:**

१) सञ्चालक समितिले प्रत्येक ४ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिकालाई बुझाउनु पर्नेछ।

२) कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ।

**१८. बैठक भत्ता:** सञ्चालक समितिका पदाधिकारीहरुले सो समितिको बैठकमा भाग लिए वापत गाउँ कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउने छन्।

**१९. निर्देशन दिन सक्ने:** कार्यपालिकाले सञ्चालन समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

**२०. संसोधन र व्याख्या :-** यो कार्यविधिको संसोधन सञ्चालक समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ साथै यस कार्यविधिको कुनै नियम/उपनियममा द्विविधा भएमा सोको व्याख्या कार्यपालिकाले गर्नेछ।

आज्ञाले

प्रमुख प्रशासकिय अधिकृत